# ख्रीष्टमस के हो?

येशू ख्रीष्टको जन्मको आदरस्वरुप ख्रीष्टियानहरूद्वारा मनाइने दिवसलाई ख्रीष्टमस भनिन्छ। यो डिसेम्बर २५ (पौष १०)मा मनाइन्छ।

येशूको जन्म करिब २,००० वर्ष अघि इस्राएलको बेथलेहेम भन्ने शहरमा भएको थियो। इस्राएल एशियाको पश्चिम तर्फ पर्दछ। यो मिश्रको उत्तर पट्टीको भू-मध्य सागर नजिक अवस्थित छ।

तथापि येशू कुनै साधारण मानिस हुनुहुन्थेन। उहाँ परमेश्वरको अनन्त पुत्र र संसारको सृष्टिकर्ता हुनुहुन्थ्यो। येशूको जन्म हुनु भन्दा सैयौं वर्ष अघि, ख्रीष्टिय बाइबलमा उहाँको सम्पूर्ण जीवनको बारेमा लेखिएको थियो।

थुप्रै धार्मिक ग्रन्थहरू मध्ये बाइबलमा चाहिँ सैयौं भविष्यवाणीहरू भएको हुनाले यो एउटा अनौठो पुस्तक हो। यी भविष्यवाणीहरू कुनै ज्योतिषी र जोखाना हेर्नेहरूले बनाएका जस्ता अनिश्चित भविष्यवाणीहरू होइनन्। बाइबलका भविष्यवाणीहरू ठोस छन्। तिनीहरूले मानिसहरूका र स्थानहरूका नामहरू बताउँछन्; तिनीहरूले निश्चित मितिहरू र विवरणहरू दिन्छन्।

बाइबलमा येशू ख्रीष्टको आगमनको बारेमा थुप्रै भविष्यवाणीहरू छन्। ती भविष्यवाणीहरूले उहाँको जन्मस्थान, कन्या स्त्रीद्वारा उहाँको जन्म, उहाँको पापरहित जीवन, उहाँका आश्चर्यकर्महरू, क्रूसीकरणद्वारा उहाँको मृत्यु, र उहाँको पुनरुत्थानहरूको व्याख्या गरे।

येशू आफ्ना भाईहरू र बहिनीहरूका साथ ठूलै परिवारमा हुर्कनुभयो, तर उहाँका अभिभावकहरू धनवान थिएनन्। उहाँको बुबा एउटा सिकर्मी हुनुहुन्थ्यो जसले आफ्नो जिविका चलाउन साधारण कमाई आर्जन गर्नुहुन्थ्यो। येशू १२ वर्षको हुनुहुँदा, यहूदी मन्दिरका धार्मीक अगुवाहरूले भन्दा पनि धेरै जान्नुहुन्थ्यो। जब उहाँ ३० वर्षको हुनुभयो, उहाँले इस्राएलको वरिपरि घुम्दै, असंख्य भीडहरूलाई शिक्षा दिँदै, र आश्चर्यकर्महरू गर्दै आफ्नो सार्वजनिक सेवकाई सुरु गर्नुभयो। दुई पटक त उहाँले अचम्म तरिकाले केही हजार मानिसहरूलाई खुवाउनुभयो। उहाँले अन्धो, बहिरो, र लङ्गडो साथ-साथै हरेक प्रकारका रोगहरू निको पार्नुभयो। उहाँले मरेकोलाई फेरी जीवित पार्नुभयो। उहाँले उर्लिरहेको आँधी-बेहरीलाई शान्त पार्नुभयो।

येशू प्रख्यात हुनुभएको हुनाले यहूदी धार्मिक अगुवाहरू डाहाले भरिए र उहाँलाई मार्ने षड्यन्त्र रच्न थाले। त्यस ताका, इस्राएलमा यहूदीहरू रोमी सम्राज्यको अधिनतामा थिए, र यहूदी अगुवाहरूलाई रोमी सरकारको अनुमती बिना कुनै पनि मानिसलाई मृत्युदण्ड दिने कुनै अधिकार थिएन। त्यसैले, तिनीहरूले उहाँलाई मार्ने उद्देश्यले उहाँले तत्कालीन राज्यको अन्त्य गर्ने प्रयास गर्दै हुनुहुन्छ भन्दै येशूको बारेमा झूठ बोले, जुन कुरा सत्य थिएन। जब तिनीहरूले उहाँको गिल्ला गरे र उहाँलाई

निर्ममता पूर्वक हिर्काए, रोमी सेनाहरूले येशूलाई उहाँको हातहरू र खुट्टाहरू काठको क्रूसमा किल्लाले ठोके अनि उहाँलाई त्यहाँ मर्नको निम्ति छोडिदएर मृत्युदण्ड दिए। यसलाई क्रूसीकरण भनिन्छ।

येशूको मृत्युपश्चात उहाँको दफन एकजना धनी चेलाको चिहानमा गरियो। तीन दिन पछि उहाँ आफूले प्रतिज्ञा गर्नुभए मुताबिक मृत्युबाट बौरिउठ्नुभयो। उहाँको बौरिउठाइ पछि, उहाँ सैयौं मानिसहरूद्वारा देखिनुभयो। एक समय ५०० जना मानिसहरूले एकैसाथ उहाँलाई देखे। उहाँको बौरिउठाइ पछि येशूले आफ्ना चेलाहरूलाई ४० दिनसम्म सिकाउनुभयो, र त्यसपछि उहाँ माथि स्वर्ग फर्किजानुभयो।

अब हामी फेरी त्यस प्रश्नमा आइपुग्छौं, “ख्रीष्टमस के हो?” जवाफ यो हो कि ख्रीष्टमस भनेको परमेश्वरका पुत्र येशु, मानिसको पापहरूको निम्ति मर्न आउनुभएको घटनाको उत्सब हो।

बाइबलले बताउँदछ कि पहिलो पुरुष र स्त्रीले परमेश्वरको आज्ञालाई तोडेर उहाँको बिरुद्धमा पाप गरे। जब त्यो घटना घट्यो, मानिस पवित्र परमेश्वरबाट अलग भयो र उसको हृदय अँध्यारो अनि पापमय भयो। त्यस समय यता, यस संसारमा जन्मेको हरेक मानिसमा पापी स्वभाव छ। त्यसैले गलत काम गर्न हाम्रो निम्ति निकै सजिलो छ। त्यसैले हाम्रो हृदयहरूमा दुष्ट कुराहरू छन्। त्यसैले सारा संसार दु:ख, पिडा, लडाइँ, युद्ध र शोकले भरिएको छ।

पापको कारण परमेश्वरले मानवजातिलाई नष्ट गर्न सक्नुहुन्थ्यो, तर बाइबलले भन्दछ, परमेश्वर सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई मुक्त गराउन चाहनुहुन्छ। तल लेखिएको शब्दहरू बाइबलको निकै प्रख्यात पदका शब्दहरू हुन्:

“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र जन्माइएको पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्” (यूहन्ना ३:१६)।

परमेश्वरको एक मात्र जन्माइएको पुत्र येशू हुनुहुन्छ। उहाँ यस संसारमा कन्या स्त्रीबाटको जन्मद्वारा आउनुभयो। उहाँले पापरहित जीवन बिताउनुभयो। त्यसपछि उहाँ क्रूसमा त्यो दण्ड भोग्न मर्नुभयो जुन दण्ड हाम्रो पापको कारणले परमेश्वरबाट भोग्न हामी ऋणी थियौं। हामीले परमेश्वरका आज्ञाहरू तोडेकाछौं, तर येशूले हाम्रो दण्ड स्वीकार गर्नुभयो।

परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ र उहाँ व्यवस्था र इन्साफको परमेश्वर हुनुहुन्छ। उहाँले आफ्नो आज्ञाहरू ३,५०० वर्ष अघि इस्राएललाई दिनुभयो र ती बाइबलमा लेखिए, तर सबै मानिसहरूले परमेश्वरको आज्ञाहरू भङ्ग गरेका छन्। परमेश्वरको पहिलो आज्ञाले भन्दछ:

“मेरा सामु तिम्रा अरू कुनै ईश्वरहरू हुनुहुँदैन! तिमीले आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबनाउनु, अथवा माथि आकाशमा भएको, तर पृथ्वीमा भएको वा पृथ्वीमनि पानीभित्र भएकोकुनै थोकको प्रतिमूर्ति नबनाउनु! तिमीहरूले तिनीहरूलाई दण्डवत् नगर्नू, र तिनीहरूको पूजा नगर्नू; किनकि म,

परमप्रभु तिम्रा परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मका निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु" (प्रस्थान २०:३-५)।

मानिसहरूले परमेश्वरको आज्ञाहरू तोडेका हुनाले, तिनीहरूले दण्ड भोग्नैपर्छ। बाइबलले भन्दछ: "किनकि पापको ज्याला मृत्यु हो" (रोमी ६:२३)।

यो मृत्यु भनेको शारीरिक मृत्यु र आगोको झीलभित्र अनन्त मृत्यु हो।

यदि म येशूद्वारा मेरा पापहरूको क्षमा नपाइकन मर्छु भने, म सदाको निम्ति दण्डित हुनेछु।

तर जब येशू क्रूसमा मर्नुभयो, उहाँले आफैंमाथि हाम्रो दण्ड लिनुभयो। जसले उहाँमाथि विश्वास गर्दछ र उहाँलाई मुक्तिदाताको रुपमा स्वीकार गर्दछ, उसले क्षमा पाउनेछ र अनन्त जीवनको दान पाउनेछ।

येशू किन मर्नुभयो? असल समाचार यहि हो कि उहाँ तपाईंको पापको निम्ति मर्नुभयो। तीन दिन पछि उहाँ चिहानबाट बौरिउठ्नुभयो। आज उहाँ जीवित हुनुहुन्छ र तपाईंलाई ग्रहण गर्न पर्खिरहनुभएको छ। उहाँ भन्नुहुन्छ:

"हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ।" (मत्ती ११:२८-३०)

बाइबलले बताउँदछ कि मैले येशूलाई मेरो मुखले स्वीकार गर्नैपर्छ र उहाँलाई मेरो हृदयमा विश्वास गर्नैपर्छ:

"यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ: 'उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन।' किनकि यहूदी र ग्रीकमा कुनै भिन्नता छैन; किनकि उहाँ, जो सबका प्रभु हुनुहुन्छ, आफूलाई पुकार्नेहरूका निम्ति धनवान् हुनुहुन्छ। किनकि प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।" (रोमी १०:९-१३)।